# तलाकको विधि र कारण एवं निवारण

[ **नेपाली -** Nepali - نيبالي ]

**अतीकुर्रहमान मो.इदरीस खान मक्की**

2014 - 1435

IslamHouse.com

# الطلاق: أسبابه وعلاجه

« باللغة النيبالية »

عتيق الرحمن محمد إدريس خان مكي

2014 - 1435

IslamHouse.com

بسم الله الرحمن الرحيم

सर्वाधिकार लेखकमा सुरक्षित छ।

पुस्तक पाइने ठेगाना -:
इस्लामिक गाइडेन्स सेन्टर कपिलवस्तु
नगरपालिका
व.नं. ९ महुवा तौलिहवा कपिलवस्तु (नेपाल)
सम्पर्क नं. ००९७७-९८४७०३०७८०
९७२७६४९२३८
इस्लामिक गाइडेन्स सेन्टर रबवा अल् रियाज
सउदी अरबीया

# लेखकको विचार

अलहम्दो लिल्लाहे नहमदोहु व नस्तईनोहु व नस्तगफिरहु व नऊजो बिल्लाहे मिन शोरूरे अनफोसेना व मिन सईयाते आमालेना, मैँयहदेहिल्लाहो फलामोजिल्ला लहु व मैँयुजलिल्हो फला हादिया लहु व अश्हदोअल्लाइलाहा इल्लल्लाहो व अश्हदो अन्ना मोहम्मदन् अब्दहु व रसूलहु । (अम्मा बअ्द)

समस्त प्रकारका प्रशंसाहरू अल्लाहकै लागि छन् जसले सर्म्पूण ब्रह्माण्डलाई उत्पन्न गर्‍यो, र अल्लाहको शान्ति अवतरित होस् अन्तिम संदेष्टा मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम र उहाँको घर परिवार र साथीहरू माथि र उनी सबैहरू माथि जुन यस इस्लामको प्रचार प्रसार गरे र मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमको पद्धतिलाई उत्तम मानी उसै माथि हिंडी आफ्नो जीवन व्यतीत गरे ।

प्रस्तुत पुस्तिकामा मैले तलाकको विधि र त्यसका कारणहरू र त्यसको वैधानिक निवारणहरूलाई प्रमाणहरू द्वारा सिद्ध गरेछु, जसबाट सर्व साधारणलाई लाभ हुनेछ यो कुरामा मलाई विश्वास छ ।

मलाई आशा छ कि यो सानो पुस्तिका तपाईहरूको लागि लाभप्रद सिद्ध हुनेछ । र अल्लाह यसबाट तपाईहरूलाई फाईदा पुर्‍याई मलाई आफ्नो दयाको पात्र बनाउन् । अल्लाह सित विन्ती छ कि मेरो यो सानो प्रयासलाई कबूल गरी मलाई र मेरो घरपरिवारका समस्त सदस्यहरूलाई स्वर्ग प्रदान गरुन् (आमीन)

लेखक
अतीकुर्रहमान मोहम्मद इदरीस खान मक्की
कपिलवस्तु नगरपालिका वार्ड न.९ महुवा
तौलिहवा कपिलवस्तु नेपाल
मो.नं. ००९७७–९८४७०३०७८०
**Mob.00977-9847030780**

बिस्मिल्लाहिर्रहमानिर्रहीम

यस कुरामा कुनै संदेह छैन कि गृहस्थीय र वैवाहिक जीवन अल्लाहको ठूलो अनुकम्पा मध्ये एक हो । अल्लाहको कथन छः

अर्थ : र (यो पनि) उसको निशानीहरू मध्ये हो कि उसले तिम्रै सहजातिबाट तिम्रो लागि जोडी (स्वास्नीहरू) सृष्टि गर्‍यो, ताकि तिमी उनीबाट आराम प्राप्त गर र उसले तिम्रो बीचमा प्रेम र सहानुभूति सृष्टि गर्‍यो, निश्चयनै यसमा धेरै निशानीहरू छन्, उनको लागि जो सोचविचार गर्दछन् । ( सूरतुर्रूम २१ )

र अल्लाहको प्रत्यक्ष प्रमाण र निशानीहरू मध्ये यो पनि हो कि अल्लाहले महिलालाई पुरुषबाट उत्पन्न गर्‍यो, र दुवै बीच यस्तो प्रेम र स्नेह राखिदियो कि दुवै एकआर्काबाट संतुष्टि प्राप्त गर्छन् ।

तर यसमा पनि शैतान शत्रुता सृजना गरी यस राम्रो र मोहक सम्बंधमा बाँगोपनाको सृजना गरी तलाक गराइदिन्छ, र सुखी जीवनलाई समस्यामा पारिदिन्छ । यसलेगर्दा यसबारे पूर्ण जानकारी प्राप्त गर्नु अति आवश्यक भएकोले यसको बारेमा केही जानकारी गराउने उद्देश्यले आफ्नो कलम उठाएछु आशा छ कि यसबाट तपाईहरूको लाभ हुनेछ, र तपाईहरूको जीवन सुखदायी हुने छ ।

# तलाकको परिभाषा

तलाकको शाब्दिक अर्थ होः **छोड्नु, खोल्नु** .....आदि । र यसको इस्लामीय अर्थ होः स्वास्नीसित भएको सम्बन्धलाई तलाक दिने विशेष शब्दद्वारा विच्छेद गर्नु । र तलाकका विशेष शब्द ती सबै शब्दहरू हुन् जसबाट सम्बंध विच्छेदको बोध होस् ।

# तलाकको हुकुम

हदीसका विद्वानहरूले तलाकका निम्न हुकुमहरू वर्णन गरेका छन् :

१- तलाक अनिवार्य भइहाल्छ त्यस मान्छे माथि जसको वैवाहिक जीवनले स्वास्नी अथवा लोग्नेलाई हराम (अवैध) कार्य गर्नुमा बाध्य गरोस् ।

२- मकरूह ( मन नपर्ने कार्य - घृणित कार्य ): अकारण तलाक दिनु अमानवीय र मकरूह कार्य हो ।

३- जायज ( वैध ): कुनै कारण भएमा तलाक दिनु जायज छ । जसरी श्रीमतीको आचरण राम्रो नभएको खण्डमा, स्वास्नीको व्यवहार राम्रो नभएमा ... आदि ।

४- सुन्नत अथवा मन्दूब : यदि स्वास्नी अल्लाहको हकलाई पूर्ण गर्दैन भने त्यसलाई तलाक दिनु राम्रो कार्य हो ।

५- हराम ( वर्जित ): हैज ( रजस्वला - मासिक ) र नेफास ( सुत्केरी )को अवस्थामा तलाक दिनु हराम छ। यस्तै एकै चोटि एकभन्दा अधिक तलाक दिनु पनि हराम छ । अल्लाहको फर्मान छ :

अर्थ : यी तलाकहरू दुई पटक गर्न सकिन्छ त्यस पश्चात या त तिनीहरूलाई (स्वास्नीलाई) राम्रो तरिकाले (पत्नीत्वमा) राख्नु अथवा सदव्यवहारको साथ विदा गर्नु र यो अनुचित छ कि जुन कुरा तिमीले तिनीहरूलाई दिसकेका छौ, त्यसमध्ये केही फिर्ता लिनु । हो ! यो अर्कै कुरा हो कि दुवैलाई अल्लाहबाट निर्धारित गरिएका सीमाहरूको पालना नगर्न सक्ने

संभावनाबाट डर होओस् । यसर्थ यदि यो डर छ कि तिमीहरूलाई अल्लाहद्वारा निर्धारित सीमा कायम राख्न सक्दैनन् भने पत्नीले (पतिबाट) मुक्त हुन पाएको बदला केही दिनुमा दुवैलाई कुनै पाप लाग्दैन । यी अल्लाहबाट निर्धारित गरिएका सीमाहरू हुन्, खबरदार ! तिनीभन्दा बाहिर नजानु । ( सूरतुल् बकरः २२९ )

र आर्को ठाउँमा अल्लाहको भनाई छ :

अर्थ : हे पैगम्बर ! (आफ्नो अनुयायीहरूलाई भनिदिनुस्) जब तिमीले आफ्नो स्वास्नीहरूलाई तलाक दिन चाहन्छौ त उनीहरूको इददतको प्रारम्भमा तलाक् देऊ, र इदद्तलाई गन्ने गर, र अल्लाहसित, जो तिम्रो पालनकर्ता हो, डर । उनीहरूलाई उनीहरूको घरहरूबाट ननिकाल र न उनीहरू स्वयं निस्कुन् । हो, यदि तिनीहरूले खुल्ला व्यभिचार गरिन् त कुरा बेगलै छ । र यी अल्लाहद्धारा निर्धारित सीमाहरू हुन् । र जो अल्लाहका सीमाहरूभन्दा अगाडि बढ्नेछ, त्यसले आफूमाथि नै अत्याचार गर्नेछ । तिमीलाई थाहा छैन, कदाचित यस पश्चात अल्लाहले कुनै नयाँ अवस्थाको सृजना गरिदेओस् ।( सूरतुत्तलाक १ )

र रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ : “ वैध कुराहरू मध्ये सबै भन्दा नराम्रो कार्य तलाक हो ”। र आर्को हदीसमा वर्णन छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः “ जुन महिलाले पनि अकारण आफ्नो श्रीमानबाट तलाक दिनुमा जोर दिन्छे त्यो महिला स्वर्गको सुगन्ध पनि पाउने छैन ” । ( अबू दाऊद, इब्ने माजा )

# तलाक वैध गर्नुको हिकमत र रहस्य

❁ यदि लोग्ने अथवा स्वास्नी मध्ये कसैको शरीरमा कुनै रोग वा कुनै कमी कमजोरी देखा परेमा दुवैको जीवन तनावपूर्ण भई दुवैको दैनिक जीवन नर्क भइहाल्छ, यस अवस्थामा यस समस्याको समाधानको लागि तलाक भन्दा उचित कार्य के हुन्छ र । दुवै अलग भई आआफ्नो रोजाई गरी आर्को जीवन साथी खोजुन् र राम्ररी जीवनको आनन्द लिउन् । नकि नर्क जस्तो जीवन व्यतीत गर्नुमा बाध्य रहुन् । यसलेगर्दा इस्लामले तलाकलाई वैध गरेको छ ।

❁ कदाचित श्रीमती बाँझ होस् तर लोग्ने सन्तान चाहन्छ र त्यो आर्को विवाह गरी दुइटै स्वास्नीहरूलाई राख्न सामर्थ्य आफूमा पाउँदैन भने त्यसको सामुन्ने मात्र एउटै मार्ग बाँकी रहन्छ र त्यो बाटो हो तलाक । अब यस्तो अवस्थामा तलाक दिनुमा कुनै पाप लाग्दैन बरु यो श्रीमानको मौलिक अधिकार हो ।

❁ कहिलेकाहीँ श्रीमानसित यति सामर्थ्य हुँदैन कि स्वास्नीको दैनिक र मौलिक अवश्यकता पूर्ण गर्न सकोस् जसले गर्दा त्यस महिलाको अधिकार हुन्छ र त्यसलाई कष्ट पुग्छ, तसर्थ त्यस महिलालाई तलाक दिनु नै यस समस्याको उचित उपाय हो । तर यदि श्रीमती त्यस कष्टलाई सहन गरी जीवन व्यतीत गर्न इच्छुक छे भने कुरो बेग्लै छ । र यस जस्ता अरु कारणहरू छन् जसलेगर्दा तलाकलाई वैध गरियो ।

# तलाकका आधारहरू

तलाकका तीनवटा आधारहरू छन् ।

१- बुद्धिमान र बालिग (व्यस्क) र स्वतन्त्र लोग्ने हुनु : अर्थात यदि लोग्ने बुद्धिहीन छ, वा व्यस्क अवस्थामा पुगे छैन, वा स्वतन्त्र छैन बरु कसैले त्यसलाई तलाक दिनुमाथि बाध्य गरेको छ, वा पागल छ भने त्यसले दिएको तलाक अमान्य ठहर हुन्छ ।

हदीसमा वर्णन छ : " तीन प्रकारका मान्छेहरूबाट कलम उठाइएको छ ( अर्थात: तीन प्रकारका मान्छेहरूको कार्यको बारेमा सोधपूछ हुँदैन ) सुतेको मान्छे यहाँसम्म कि त्यो जागोस्, र बालक यहाँसम्म कि त्यो व्यस्क अवस्थामा पुगोस्, र पागल मान्छे यहाँसम्म कि त्यो संचो भइजाओस् " । ( बुखारी )

र आर्को हदीसमा वर्णन छ : " हाम्रो अनुयायीहरू मथिबाट त्रुटिहरू, गल्तीहरू, र बाध्यतामा गरिएका कार्यहरूलाई माफ गरिएको छ " । ( अबू दाऊद )

यस्तै कसैलाई जबर्जस्ती मदिरा सेवन गराइयो र त्यसले त्यसै नशाको अवस्थामा दियो भने यो तलाक अमान्य ठहर हुन्छ । तर यदि आफै मदिरा सेवन गरी तलाक दिन्छ भने यो तलाक अमान्य हुँदैन बरु यो तलाक सदर हुनेछ ।

यस्तै यदि कुनै मान्छे यति क्रोधित भयो कि त्यो आफ्नो लाभ हानि बुझ्नुबाट असमर्थ भयो भने यस्तो मान्छेको तलाक पनि अमान्य हुन्छ ।

यस्तै यदि कसैले उपहासमा तलाक दिएछ भने यो तलाक सदर हुनेछ त्यसलाई दण्डित गर्नुको उद्देश्यले ।

२- स्वास्नी : तलाक त्यस स्वास्नी माथि लागू हुन्छ जुन लोग्नेको विवाहमा अर्थात स्वामित्वमा होस् । हदीसमा वर्णन छ कि : " मान्छेलाई त्यसलाई तलाक दिने अधिकार छैन जसमाथि त्यसको स्वामित्व कायम नहोस् " । ( तिर्मिजी )

३- तलाकका प्रष्ट र प्रत्यक्ष शब्द : अर्थातः यस्तो शब्दको प्रयोग गर्नु जसबाट तलाकको पुष्टि होस्, जसरी **ताँलाई तलाक, म तिमीलाई छाड्छु** .... आदि । तर यदि यस्तो शब्दको प्रयोग गरिएछ जसको व्याख्या तलाक बाहेक पनि गर्न सकिन्छ भने बिना नीयत तलाक मान्य हुँदैन ।

## तलाकका किसिमहरू

१- **तलाके सुन्नी** : ( मान्य, र रसूल सल्लल्लाहो अलैहे वसल्लमले बताए अनुकूल तलाक ) अर्थातः त्यस तोहर ( पवित्रता )को अवस्थामा तलाक दिनु जसमा सहवास नगरेको होस्, र मात्र एक चोटि तलाक भनोस् ।

२- **तलाके बिदअी** : ( रसूल सल्लल्लाहो अलैहे वसल्लमले बताए विरुद्ध तलाक दिनु ) अर्थातः रजस्वला र सुत्केरी वा त्यो पवित्रताको अवस्थामा तलाक दिनु जसमा सहवास गरेको होस् यी तीनवटै अवस्थामा तलाक दिनु अथवा एकै चोटि तीन तलाक दिनु तलाके बिदअी हो ।

# तलाकको आर्को किसिम

**तलाके बाइन** : त्यस तलाकलाई भन्छन् जसलाई दिए पश्चात मान्छे स्वास्नीलाई आफ्नो त्यसै निकाहमा लौटाउन नसकोस् बरु आर्को निकाहद्वारा सम्बंध जोड्नु आवश्यक भइजाओस् । जसरी तीन तलाक त्यसको निर्धारित समयमा दिए पश्चात ... आदि, यस्तो तलाकलाई तलाके बाइन भनिन्छ ।

**तलाके रजई :** त्यस तलाकलाई भनिन्छ जसलाई दिए पश्चात मान्छे स्वास्नीलाई त्यसै निकाहमा लौटाउन सकोस् आर्को निकाहको अवश्यकता नहोस् । जस्तो एक तलाक दिएपछि त्यसलाई आफ्नो त्यसै निकाहमा फिर्ता गरिहालोस्, यसलाई अरबीमा रोजूअ् गर्नु भनिन्छ ।

# एकै चोटि तीन तलाक दिनुको हुकुम

हाम्रो समाजमा एकै चोटिको तीन तलाकले अनेकौं समस्या सृजना गरेको छ । र यसको बारेमा पूर्ण ज्ञान नभएको कारण यसलाई तलाके बाइन मानिन्छ जसलेगर्दा इस्लामका शत्रुहरू हाम्रो इस्लाम धर्मको उपहास गर्न थाल्छन् । यदि हामीले रसूल सल्लल्लाहो अलैहे वसल्लमको आदेशको पालना गरेमा यो समस्या आउने नै थिएन, यस्तो मलाई आभास हुन्छ ।

एकै चोटि तीन तलाकलाई तीन नै सदर गर्नेहरू हजरत उमर रजीअल्लाहो अन्होले गरेको कार्यलाई प्रमाणमा प्रस्तुत

गर्छन् । तर रसूल सल्लल्लाहो अलैहे वसल्लमले दिएको उदगार र गरेको कार्यलाई बिर्सिहाल्छन् । र दोस्रो कुरो यो कि हजरत उमर रजीअल्लाहो अन्होले तीन तलाकलाई तीन किन सिद्ध गर्नु भएको थियो त्यो कारण पनि बिर्सिदिन्छन् । र यो पनि बिर्सिदिन्छन् कि हजरत उमरकै शासनकालको प्रारम्भिक दुई वर्षमा पनि तीन तलाकलाई एउटै मानिन्थ्यो ।

हेर्नुस् म तपाईहरूलाई सत्यसित परिचय गराउँछु । हजरत उमर रजीअल्लाहो अन्होले एकै चोटि दिइएको तीन तलाकलाई तीन किन सदर गर्नु भयो ? यसको कारण के थियो ? यसमा विचार गर्दाखेरि यो थाहा हुन्छ कि हजरत उमर रजीअल्लाहो अन्होको शासनकालमा तलाकको उपहास गरियो र जुन सुकैले पनि तीन तलाक दिन थाल्यो, किनकि उनीहरूलाई यो थाहा थियो कि एकै चोटिको तीन तलाक एउटै मानिन्छ । अनि त्यसलाई खेल बनाइयो र तलाक दिनेहरूको संख्यामा अति वृद्धि भयो यसलेगर्दा हजरत उमर रजीअल्लाहो अन्होले भने यदि कसैले एकै चोटि तीन तलाक दियो भने म त्यसलाई तीन सदर गरिदिन्छु । त कारण के थियो भने अल्लाह रसूलको निर्देशनको उपहास गर्नु ।

तर हाम्रो समाजमा समस्या बेग्लै छ किनकि हाम्रो समाजमा तलाक दिनेहरूको संख्या नहुनु बराबर छ, र दोस्रो कुरो के छ भने अज्ञानताको कारण पनि यस्तो गरिन्छ, किनकि कतिपय जना यो ठान्छन् कि तीन चोटि तलाक नभनुन्जेल तलाक अमान्य हुन्छ । मेरो यस कुराको प्रमाण यस हदीसमा छ हेर्नुस्: “ हजरत अब्बास रजीअल्लाहो अन्होले वर्णन गर्नुहुन्छ कि रसूल सल्लल्लाहो अलैहे वसल्लम र हजरत

अबू बक्र र हजरत उमरको प्रारम्भिक दुई वर्ष सम्मको शासनकालमा तीन तलाक एउटै मानिन्थ्यो, अनि हजरत उमरले भन्नु भयो मानिसहरूले यस कुरामा हतार गरे यदि यसलाई सदर गरिदिएको भए कति राम्रो हुन्थ्यो, अनि उहाँले त्यसलाई सदर गरिदिए " । अर्थात एकै चोटिको तीन तलाकलाई तीन सदर गरिदिए । (मुस्लिम)

हेर्नु भयो रसूल सल्लल्लाहो अलैहे वसल्लमले र हजरत अबू बक्रले एकै चोटिको तीन तलाकलाई मात्र एउटै सदर गरेका थिए र हजरत उमरले पनि यसैलाई निरंत्रता दिई रहनु भएको थियो तर जब मान्छेहरू तीन तलाक दिनुमा हतार गरे जुन तलाकै बिदअी अर्थात हराम छ यसै कारण सबैलाई दण्डित गर्ने उद्देश्यले तीनलाई तीन सदर गरिदिएका थिए ।

यस हदीसबाट यो प्रष्ट हुन्छ कि वास्तवमा तीन तलाक एउटै सिद्ध हुन्छ तीन होइन । यस्तै एउटा आर्को हदीसमा रसूल सल्लल्लाहो अलैहे वसल्लमले आफ्नो उदगार यसरी प्रस्तुत गर्नु भयो हेर्नुस् : " हजरत रुकाना रजीअल्लाहो अन्होले आफ्नो श्रीमतीलाई एउटै बैठकमा अर्थात एकै चोटि तीन तलाक दिइहाल्नु भयो त रसूल सल्लल्लाहो अलैहे वसल्लमले त्यस तीन तलाकलाई एउटै सिद्ध गरी उहाँलाई आफ्नो श्रीमतीलाई लौटाउने आदेश गर्नु भयो " । ( फतहुल् बारी शरह सहीह अल्बुखारी )

यो हदीस प्रष्ट पार्छ कि एउटै बैठकमा तीन तलाक दिएमा एउटै सिद्ध हुनेछ र यो नै सत्य र सही कुरो हो ।

अर्थात : हाम्रो समाजमा जुन समस्या तलाकबाट देखिएको छ वास्तवमा त्यो समस्या होइन बरु इस्लामीय विधानबाट

अनभिज्ञता भएकोले यो समस्या आएको हो, किनकि एकै चोटि तीन तलाक दिनु अवैधानिक र अमान्य छ र त्यो मात्र एउटै सदर हुनेछ । यसलेगर्दा कसैको कुराको परवाह नगरी रसूल सल्लल्लाहो अलैहे वसल्लमको अनुकरण गर्नुस् कुनै समस्या हुँदैन ।

त हे भाइ ! हाम्रो समाजमा यो धारणा पनि अहिले सम्म बाँकी नै छ कि निकाह कबूल गर्दाखेरि तीन चोटि कबूल भन्नु अनिवार्य छ नत्र निकाह मान्य हुँदैन । यस्तै यो धारणा पनि हाम्रो समाजमा जागृत छ कि तीन चोटि तलाक नभनिकन् तलाक मान्य हुँदैन । त हे भाइ यो धारणा प्रमाणहीन छ र अति दु:खदायी छ । यस जस्ता कति निराधार धारणाहरूको कारण हाम्रा मुस्लिम दाजुभाइहरू इस्लामीय निर्देशनहरूको विरोध गर्न थाल्छन् । अत: यदि कुनै मानिसले अज्ञानताको कारण एकै चोटि तीन तलाक दिन्छ भने पनि त्यो एउटै नै मानिन्छ । यदि यसलाई तीन ठहर गरियो भने यो लोग्ने र स्वास्नी दुवैमाथि घोर अत्याचार हुनेछ । यसै कारण रसूल सल्लल्लाहो अलैहे वसल्लमले तीनवटैलाई एक मान्नु भएको थियो र यो नै उचित देखिन्छ । मानवता अनुकूल पनि छ । र एकै चोटि दिइएको तलाकलाई एक मान्नुमा समस्याको समाधान पनि मिल्यो र रसूल सल्लल्लाहो अलैहे वसल्लमको अनुशरण पनि भयो । अल्लाह हामी सबैलाई सत्य अपनाउने शक्ति प्रदान गरुन् आमीन ।

# तलाकका कारणहरू

**त्यो कारणहरू जुन स्वास्नीद्वारा उत्पन्न हुन्छन् :**

❁ श्रीमानबाट असंतुष्ट हुनु ।
❁ दीनदारी नहुनु ।
❁ नराम्रो आचरणको हुनु ।
❁ चरित्रहीन हुनु ।
❁ गाली गलोज अधिक मात्रामा गर्नु ।
❁ श्रीमानमाथि शंका गर्नु ।
❁ परदाको अवहेलना गर्नु ।
❁ घरको देखरेख नगर्नु ।
❁ बच्चाहरूको राम्रो पालनपोषण नगर्नु ।
❁ सिंगार नगर्नु ।
❁ फोहोर रहनु ।
❁ सानातिना कुरामा पनि श्रीमानसित लडाई गर्नु ।
❁ राम्रो लूगा नलगाउनु ।
❁ भोजन त्यार पार्नुमा अल्छी गर्नु । वा भोजन बनाउन नआउनु ।
❁ श्रीमानको क्षमता भन्दा अधिकको माँग गर्नु ।
❁ श्रीमानको रहस्यलाई खोल्नु ।
❁ श्रीमानको बुवा आमाको सेवा सत्कार नगर्नु ।
❁ श्रीमानका आफन्तीहरूको अवहेलना गर्नु ।

र यस्ता अरु धेरै कारणहरू छन् जुन महिलामा देखापरेमा तलाकको वातावर्ण बन्छ ।

**त्यो कारणहरू जुन लोग्नेद्वारा उत्पन्न हुन्छन् ।**

❁ स्वास्नीलाई माया नगर्नु ।
❁ स्वास्नीलाई मन नपरनउनु ।
❁ दीनदार स्वास्नीलाई नरोज्नु ।
❁ मात्र धन अथवा सुन्दरता देखेर विवाह गर्नु ।
❁ सामर्थ्य एवं क्षमता नभए पनि विवाह गर्नु ।
❁ आफ्नो कर्तव्यको पालना नगर्नु ।
❁ स्वास्नीको अवहेलना गर्नु ।
❁ स्वास्नीका आफन्तीहरूको अवहेलना गर्नु ।
❁ नतिजा निष्कास्ति गर्नुमा हतार गर्नु ।
❁ स्वास्नीमाथि शंका गर्नु ।
❁ स्वास्नीको जायज माँगलाई पूर्ण नगर्नु ।
❁ स्वास्नीको वासनाको पूर्ति नगर्नु ।
❁ हराम कार्यमा लिप्त रहनु ।
❁ वैवाहिक जीवनको सीमा उल्लंघन गर्नु ।
❁ स्वास्नी विरुद्ध बाआमाको कुरा सुनी त्यस कुरालाई बिना अनुसंधान गरी स्वास्नीलाई कुटपिट गर्नु ।
❁ स्वास्नीको मान्सिक उत्पीडन गर्नु ।
❁ स्वास्नीको मनोकामनालाई नबुझ्नु ।
❁ स्वास्नीसित परामर्श नगर्नु ।

❁ स्वास्नीसित हाँसेर नबोल्नु ।

❁ कसै आर्कोसित शारिरीक सम्बन्ध राख्नु ।

❁ स्वास्नीको त्रुटिलाई क्षमा नगर्नु ।

❁ स्वास्नीको सानोतिनो त्रुटिमा पनि कुटपिट गर्नु ।

❁ बहुविवाह तर्फ आकर्षित हुनु र यो कुरा स्वास्नीलाई सुनाउनु र आर्को विवाह गर्ने धम्की दिनु ।

❁ अकारण दोस्रो विवाह गर्नु ।

र यस जस्ता अरु कारणहरू छन् जुन श्रीमानमा देखापरेमा स्वास्नी तलाकको प्रश्न गर्छे ।

# वैवाहिक जीवनलाई सुख शान्तिले विस्तार गर्ने केही उपायहरू

- रामो जीवन साथी मनपराउनु ।
- इस्लामीय निर्देशनहरूको ज्ञान प्राप्त गर्नु ।
- दुवैले एकआर्काको सम्मान गर्नु ।
- दुवैले एकआर्कालाई बुझ्नु ।
- दुवैले एकआर्काको कुरालाई ध्यान दिएर सुन्नु ।
- दुवैले एकआर्काको लागि प्रेमभाव राख्नु ।
- आपसमा रामो कुराकानी गर्नु ।
- एकआर्कासित हँसी मजाक पनि गर्नु ।
- एकआर्कालाई संतुष्ट गर्ने प्रयास गर्नु ।
- प्रेमभावले एकआर्कालाई स्वर्श गर्नु ।
- एकआर्काको उपहास नगर्नु ।
- आफ्नो प्रेमलाई जाहेर गर्नु ।
- मिलेर कुनै पनि विपत्तिको सामाना गर्नु ।
- एकआर्कालाई उपहार दिंदै रहनु ।
- एकआर्काको त्रुटिलाई क्षमा गरिदिनु ।
- दुवैले एकआर्काको कमीकमजोरी माथि टिप्पणी नगर्नु । बरु रामो तरिकाले सम्झाउनु ।
- दुवैले एकआर्काका आफन्तीहरूलाई सम्मान दिनु ।
- दुवैले गृहस्थीय जीवनलाई सफल पार्ने प्रयास गर्नु ।

❁ एकआर्काको बुराई नगर्नु ।

❁ दुवैले अल्लाहको अनुशरण गर्नु । र कसैले अटेरी गरेमा विनम्रता पूर्वक अल्लाहको अनुशरण गर्नुको लागि आग्रह गरोस् र अल्लाहको अजाबबाट डराओस् ।

र यस जस्ता अरु उपायहरू छन् जसद्वारा जीवन सुख शान्तिले व्यतीत गर्न सकिन्छ ।

प्रिय भाइ बहिनीहरू ! अनाहक तलाकबाट नत कसैको लाभ भएछ नत हुन्सक्छ, बरु जसको जीवनमा पनि तलाक शम्मिलित भयो त्यसको विनाश भयो र त्यसको जीवन नर्क झैं भयो । यसको प्रत्यक्ष प्रमाण र उदाहरण हाम्रो समाजमा देखिन्छ र खाडीका देशहरूमा त यसले यति विनाश पुऱ्याएको छ जसलेगर्दा मान्छे सम्पन्न भए पनि सन्तुष्ट छैन । किनकि गृहस्थीय जीवन नै नराम्रो भएमा सन्तुष्टि कहाँबाट प्राप्त गर्न सकिन्छ ।

तसर्थ हे पाठक विन्दहरू ! आफूलाई यस्तो विनाशक कार्यबाट बचाउनुस् र आफै आफूलाई हानिमा नपार्नुस् बरु अल्लाह र रसूलको अनुशरण तर्फ लाग्नुस् र आफ्नो जीवन सुखद बनाउनुस् । र अब ज्ञान भए पश्चात अज्ञानी जस्तो कार्य नगर्ने प्रण गर्नुस् र यस पुस्तिकामा वर्णन गरिएका कुराहरूलाई मार्गदर्शन बनाई आफ्नो जीवनलाई सफल पार्नुस् ।

हे दाजुभाइ र दिदीबहिनीहरू ! यदि वास्तवमा तपाईहरू आफ्नो जीवनलाई सुखमय बनाउन चाहनु हुन्छ, र आफ्ना ससाना छोरा छोरीहरूलाई टुहुरो जस्तो जीवन व्यतीत

गर्नुबाट बचाउन इच्छुक हुनुहुन्छ भने अल्लाहले निर्धारित गरेका सीमाहरूको उल्लंघन नगर, र तिमीलाई यो थाहा छैन कि कुन कुरामा तिम्रो लाभ र सन्तुष्टि नीहित छ। धेरै जसो कुरामा हामी हर्छौं कि हामीले सोचे विपरीत परिणाम आउँछ र जसमा हामीले सोचेका थियौं त्यसमा हामीलाई हानि बिहोर्नु पर्छ। त्यस्तै कदाचित जुन स्वास्नीलाई तिमी मनपराउँदैनौं कदाचित तिम्रो शान्ति र सन्तुष्टिको सामग्री त्यसै भित्र मिलोस्, र जस केटीलाई तिमी स्वास्नी बनाउन चाहन्छौ कदाचित त्यो तिम्रो लागि हानिकारक होस्। तिमीलाई अदृश्यको कुरो थाहा छैन अन्तरयामी त मात्र त्यो सर्वगुण सम्पन्न अल्लाह नै हुन्। तसर्थ तिमी आफ्नो कर्म गर र परिणाम अल्लाहमाथि छाडि देऊ अल्लाह नै सबैको संरक्षक हुन्।

त हे प्रिय भाइहरू ! विवाह गरे पश्चात अल्लाहसित दयाको याचना गर र जीविका पाउने प्रार्थना गर, तिमीलाई त्यो सबै मिल्ने छ जुन तिमी चाहन्छौ, तर अल्लाहसित पूर्ण विश्वासको साथ याचना त गर, बहुदेववादलाई त्यागी शुद्ध आस्थावान त बन, कुकर्म र कुबाटोलाई छाडी सुकर्म र सुमार्ग तर्फ प्रवृत्त त होऊ।

अन्तमा अल्लाह सित प्रार्थना छ कि अल्लाह हामीलाई यस पवित्र सम्बन्धको महत्वलाई बुझ्ने बुद्धि र विवेक प्रदान गरुन्, र हामीलाई यसको दुरुपयोगबाट बचाई यसबाट लाभन्वित हुने सुअवसर प्रदान गरुन्। र हाम्रा माल सम्पत्ति र

संतानमा वृद्धि गरुन् , र हाम्रा नि:संतान दाजुभाइ र दिदीबहिनीहरूलाई संतान प्रदान गरी उहाँहरूको मुटुलाई शितल पारुन् , र जेजति हामीले अज्ञानताले पापहरू गरेका छौ त्यसलाई क्षमा गरी हाम्रा पापहरूलाई पुण्यमा प्रेणित गरुन्, र हामीलाई कुरआन र हदीसको अनुशरण गर्ने शक्ति प्रदान गरी स्वर्ग प्रदान गरुन् । ( आमीन )

# समाप्त

*लेखक*

**अतीकुर्रहमान मोहम्मद इदरीस खान मक्की**
**कपिलवस्तु नगर पालिका वॉड नं.९**
**महुवा तौलिहवा कपिलवस्तु**
**नेपाल**
Mob. No.00977-9847030780-
9727649238
00966-0501372254